# पुस्तक समीक्षा




**पस्तक** : अ कम्प्यासनेट जर्नालिस्ट : द लाइफ एन्ड टाइम्स अफ भारतदत्त कोइराला
**लेखक** : धर्म अधिकारी
**प्रकाशक** : पिल्ग्रिम्स पब्लिसिङ
**पृष्ठ** : ३३६
**प्रकाशन मिति** : सन् २०१०

यो पुस्तक मार्टिन चौतारीबाट समीक्षाका लागि पाउँदा एकपटक झस्कें। कसैको जीवनी लेख्न जति गाह्रो हुन्छ त्यो त्यति नै विवादग्रस्त पनि हुने गर्छ। के यो पुस्तक पनि त्यस्तै त होइन ? फेरि जीवनीकारले नोर्मेन के. डेन्जिनको व्याख्यात्मक जीवनी लेखनको पद्धति अपनाएर भारतदत्त कोइरालाको जीवनीलाई सरल रेखामा नउतारी देश-काल-परिस्थितिको परिवेशसँगसँगै बुनेर लगेको दाबी गरेका छन्।

भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरुले आत्मवृत्तान्तमा लेखेका शब्दहरू सम्झेँ – “मैले पाठकलाई जानकारी दिनैपर्ने हुन्छ यो वृत्तान्त एकदम एकाङ्गी छ र परिणामतः अहमवादी; धेरै प्रमुख घटनाप्रति बेवास्ता गरिएको छ र धेरै घटनाहरूलाई प्रभावित गरेका प्रमुख व्यक्तिहरूको नाम सायदै उल्लेख गरिएको छ” (नेहरु सन् १९९६[१९३६] : xv–xvi)। त्यसो त आत्मकथामा यस्तो हुनु स्वाभाविकै हो तर जीवनीमा पनि सधैँ सत्य कुरा हुन्छ भन्ने छैन। अङ्ग्रेजी साहित्यकार स्यामुल जोनसनका जीवनीकार जेम्स बोसवेलले यस्तो लेखेका थिए,

"यद्यपि मैले सत्यका अरू कुरा भनेको छैन तापनि सम्पूर्ण सत्य सधैँ खुलासा गर्ने कुरो पनि हुँदैन" (बोसवेल सन् १९०९) । स्टालिनकी छोरी स्वेतलानाले अमेरिका पहिलोचोटि सन् १९६७ मा मात्र देखेकी थिई भनेर उनका जीवनचरित लेखक मार्टिन इबोनले लेखे (इबोन सन् १९६७) । तर, यथार्थमा स्वेतलानाले सन् १९४२ मा नै अमेरिका देखिसकेकी थिई । धेरैजसो जीवनीमा हामी विवादास्पद प्रसङ्ग पाउँछौँ ।

भारतदत्तको जीवनीमा दूरगामी प्रभाव पार्ने मोड त्यतिबेला आयो जतिबेला सामन्ती शेरजङ्ग थापाको अचानक मृत्यु भयो । भारतदत्तका बुबा रामदत्त र शेरजङ्गबीच जग्गाजमिनको व्यवस्थापन र हक हिस्साबारे जुन अव्यक्त समझदारी भएको थियो त्यसलाई शेरजङ्गका उत्तराधिकारीले पालना गर्दै गरेनन् । त्यसपछि रामदत्तका परिवार निर्धन नै भए भनिएको छ । तर जीवनीकारले भारतदत्तको जीवनलाई यस्तो अकल्पनीय मोडमा उभ्याउने घटना र त्यससँग सम्बन्धित व्यक्तिहरूबारे प्रशस्त तथ्यसत्यसहित व्याख्या गरेको पाइएन । शेरजङ्गको मृत्यु कुन तिथिमितिमा कहिले-कहाँ-कसरी भयो भन्नेबारे जीवनीकारले त्यति ध्यान दिएको पाइँदैन । दुई परिवारबीच विश्वासको खाडल पुर्ने नसक्ने गरी फाटेर गएपछि भारतदत्तको जीवनमा देखिएको परिवर्तनको व्याख्या पुस्तकमा पाइँदैन ।

तत्कालीन श्री ५ को सरकारका सूचनामन्त्री वेदानन्द झा अचानक एक दिन गोदावरी स्कुलमा भारतदत्तको खोजी गर्छन्, किन ? त्यसबेला त भारतदत्तले अस्कलबाट आइएस्सी गरिसकेका पनि थिए । जे होस् सरकारबाट खोजी भएर झिकाइएका भारतदत्तले सन् १९६४ देखि नै लिखित परीक्षाविना विशेष तलबसहित प्रमुख संवाददाताको जागिर हात पारे । र, १९६५ डिसेम्बर १५ मा भारतदत्तले *द राइजिङ नेपाल*बाट 'सोचेरैभन्दा पनि संयोग'ले पत्रकारिताको क्षेत्रमा प्रवेश गरे । यो थियो उनको जीवनमा बडो सकारात्मक दूरगामी प्रभाव पार्ने मोड । यही मोडमा उभिएर भारतदत्तले नेपालको अवस्था, नेपालीहरूको जीवनस्तर र यसलाई उकास्ने उपाय थाहा पाए । त्यसबेला उनले नेपाली राज्यसत्ता र शक्तिको स्रोतसँग उठबस गर्ने अवसर पाएका थिए । गोरखा जिल्लाको एउटा गाउँबाट बसाइँ सरी काठमाडौँ आइपुगेका कोइराला परिवारमा पाँचौँ सन्तानका रूपमा जन्म ग्रहण गरेका थिए भारतदत्तले, जतिबेला विश्व नै दोस्रो महायुद्धको लप्कामा जलिरहेको थियो । पुस्तकको पहिलो परिच्छेदमा भारतदत्तको जन्मदेखि *द राइजिङ नेपाल*मा काम नगर्दासम्मको अवधिको बयान गरिएको छ ।

भारतदत्तले *द राइजिङ नेपाल*मा पत्रकारिताको अभ्यास गर्न थालेपछि एकपछि अर्को खण्ड छिट्छिटो पार गर्दै *गोरखापत्र*को सम्पादक र त्यसपछि गोरखापत्र

संस्थानको महाप्रबन्धकसम्मको व्यवस्थापकीय पदमा पुगे। यस अवस्थामा आइपुग्दा भारतदत्तले राष्ट्रिय मात्र नभई अन्तर्राष्ट्रिय स्तरको पत्रकारिता गर्न थाले। यस बेलासम्म उनी पत्रकारिताको क्षेत्रबाट देश र जनताको सेवा गर्न विकास पत्रकारिता गरिनुपर्छ भन्ने विश्वासबाट प्रभावित भए। दोस्रो परिच्छेदको मूल विषय यही हो।

प्रभावकारी विकास पत्रकारिताका लागि सञ्चार प्रविधिको आधुनिकीकरण नगरी केवल विकास पत्रकारिताको सिद्धान्तको रट लगाएर उन्नति नहुने देखेपछि उनले यस संस्थानको संरचना, कार्यविधि, रणनीति मात्र परम्परागत ढङ्गबाट परिवर्तन नगरी नयाँ उपकरणहरू जस्तै कम्प्युटर प्रणाली, वेब अफसेट छापा प्रविधि प्रवेश गराएर नेपालको पत्रकारिताको उत्पादन प्रक्रियामा आमूल परिवर्तन गरे। *गोरखापत्र*को क्षेत्रीय वितरणमा सुधार गर्न नयाँ संरचनाको योजना पनि बनाए। पुस्तकको तेस्रो, चौथो र पाँचौं परिच्छेदमा यसै विषयलाई विस्तारपूर्वक चर्चा गरिएको छ।

यसपछि भारतदत्तको जीवनले स्वभावत: नयाँ मोड लिन्छ। गोरखापत्र संस्थानबाट बिदा लिई वर्ल्ड भ्यु इन्टरनेसनल फाउन्डेसनमा दुई वर्ष काम गरेपछि नेपाल प्रेस इन्स्टिच्युट स्थापना गरी काम गर्न थाल्छन्। यसैबेला नेपाली पत्रकारितालाई दलगत स्वार्थबाट मुक्त गरी व्यवसायीकरणतर्फ अग्रसर गराउने क्रममा उनले चुनौतीको सामना गरे। यसका लागि नेपाल प्रेस इन्स्टिच्युटमार्फत कार्यनीति, रणनीति तथा आवश्यक आर्थिक स्रोतका उपायहरू रच्दै संस्थालाई सन् १९९० को जनआन्दोलनको समयसम्म 'राष्ट्रिय मिडिया व्यावसायिक तालिम संस्था'को रूपमा स्थापित गरे। पत्रकारिताबाट पनि देशको गरिबी न्यूनीकरणमा ठोस योगदान पुऱ्याउन सकिन्छ भन्ने दृढ विश्वास उनले राखेका थिए भन्न सकिन्छ।

पुस्तकको अन्त्यमा पहिलो पत्नीको मृत्युपछि भारतदत्त अमेरिकामा तीनचार वर्ष बसेर फेरि नेपाल फर्की नवविवाहिता परिवारसहित ललितपुरमा बसोबास गरिरहेका छन् भन्नेबारे वर्णन छ। नेपालमा सञ्चारमार्फत सामाजिक परिवर्तन गर्न भारतदत्तले तीनओटा रणनीति अख्तियार गर्न सुझाएका छन्। पहिलो, पत्रकारहरूको तालिमलाई विश्वको आधुनिक प्रविधियुक्त बजारलाई हेरी सशक्त रूपले अघि बढाउने। दोस्रो, सामुदायिक रेडियो सञ्चार माध्यमलाई ठोस अवधारणामा स्थापित गर्ने। र तेस्रो, मुलुकमा द्वन्द्वको स्थिति रहेकाले सञ्चार माध्यमलाई शान्ति स्थापनामा प्रभावकारी भूमिका खेल्न सक्ने बनाउने।

भारतदत्त तीव्र आशावादी कसरी बने ? पुस्तकमा प्रस्ट व्याख्या छैन । तर, मेरो विचारमा उनले सन् १९७२ मा ३० वर्षको लक्का जवान हुँदा दिल्लीको इण्डियन इन्स्टिच्युट अफ मास कम्युनिकेसन (आईआईएमसी) को माहोलमा जे सिके त्यसैले उनलाई बढी नै आशावादी बनाएको हो । दिल्लीमा पत्रकारिताको तालिम लिइरहेका बेला आफ्नै महिला सहपाठी इरानी मूलकी बहाई धर्मावलम्बी महसिदसित प्रेमविवाह गरेका थिए । यसै क्रममा उनले सबैलाई प्रेम गर, धर्म सबै एउटै हो, मानवता ठूलो हो, मानवता र शान्तिका लागि जहिले पनि, जहाँ पनि, जुनै समाजमा पनि सेवा गर्न सकिन्छ र सक्नुपर्छ भन्ने आध्यात्मिक ज्ञान प्राप्त गरेका थिए ।

यस जीवनीको आलोचनात्मक निरुपण गर्दा मैले के पाएँ भने यो एउटा अपूर्ण जीवनवृत्तान्त हो । भारतदत्तले कर्मभूमि त्याग गरेर निवृत्त जीवन निर्वाह गर्ने इच्छा अझ पनि प्रकट गरेका छैनन् । उनले आफ्नो मिसनमा लागिरहने विश्वास व्यक्त गरेका छन् । र, उनको जीवनीमा अझ केही अध्याय थपिन सक्ने सम्भावना छ । धर्म अधिकारीले पीएचडी थेसिसका लागि यो जीवनी तयार पारेकाले यसलाई अपूर्ण जीवनी मान्न सकिन्छ ।

यहाँनेर म बेलायती लेखक फिलिप गुडेलाले लेखेको चर्चिलको जीवनचरित सम्झन्छु । चर्चिलभन्दा अघि नै जीवनीकार गुडेलाको मृत्यु भयो र उनले चर्चिलको जीवनीका अन्तिम अध्यायहरू पूर्ण गर्न पाएनन् । फलस्वरूप "...चर्चिल प्रधानमन्त्री भए" (गुडेला सन् १९४२ : १८६) भन्ने वाक्यलाई अन्तिम बनाउँदै सो जीवनी पुस्तकका रूपमा छापियो ।

पुस्तकमा केही त्रुटिहरू पनि छन् । पृष्ठ ९४ र ९५ मा रत्नराज्य क्याम्पसका प्रमुख पद्मासन शाक्यले सो क्याम्पसमा पत्रकारिताको पठनपाठन सुरु गराएकी हुन् र भारतदत्तले लालदेउसा राईलाई त्यस क्याम्पसमा नियमितरूपले पढाउने शिक्षकको रूपमा नियुक्त गरे भनिएको छ । मैले सो क्याम्पसमा सन् १९७६ देखि पढाउन सुरु गर्दा क्याम्पस प्रमुख विष्णुबहादुर सिंह हुनुहुन्थ्यो, पद्मासन शाक्य होइन । भारतदत्त र म उहाँलाई भेट्न गएका हौँ । र, क्याम्पस प्रमुखसँग सहमति भएपछि मैले त्यहाँ पत्रकारिताको पठनपाठन सुरु गरेको थिएँ । भारतदत्तले लालदेउसालाई नियुक्त गरे भन्नुको अर्थ के हो ? यो भ्रमपूर्ण छ । अर्को त्रुटि पृ. १०८ मा छ । यसमा २३ मई १९७९ का दिन गोरखापत्र संस्थानको भवनमा आगलागीबारे लालदेउसा राईलाई उद्धृत गर्दै लेखिएको "करोडौँको सम्पत्ति नष्ट हुन पुगेको उक्त घटना उनको करियरमा ठूलो धक्का थियो" भन्ने शब्द र वाक्यहरू लालदेउसाका हुँदै होइनन् । यो कथनको स्वामित्व म लिन सक्दिनँ ।

जम्मा ३५५ पृष्ठको पुस्तक (जीवनीकारको प्राक्कथन, चित्रहरू, जीवनी वृत्तान्त र पृष्ठसूची, सन्दर्भसूची र अनुक्रमणिका लगायत) मा त्रुटिहरू अरू पनि होलान्। तर, समग्रमा यो पुस्तक सबै नेपालीहरू, विशेष गरी पत्रकार र आमसञ्चार माध्यमसम्बन्धी नेतृत्वदायी भूमिका खेल्ने नीति निर्माताहरूले एकपटक पढ्नैपर्छ।

भारतदत्तको सङ्घर्षमय जीवन कसरी सफल जीवनमा परिवर्तित भयो ? कति उनको आफ्नै धैर्य, परिश्रम, ज्ञान, सीपले र कति भाग्यले यो सम्भव भयो त्यसको विश्लेषण यस जीवनीमा पाइन्छ। जीवनीलाई काल विभाजनले मात्र नभई विषयवस्तुको व्याख्याले पनि परिभाषित गरिएको छ। यो यस पुस्तकको उल्लेखनीय विशेषता हो।

मेरो विचारमा यस जीवनचरितले दिन चाहेको मूल सन्देश हो- केवल भौतिक विकास गरेर मात्र पत्रकारितालाई कहीँकतै, कहिल्यै पनि सफल पार्न सकिँदैन। यसका साथसाथै आध्यात्मिक चिन्तनमनन तथा मानवप्रति सद्भाव र सहिष्णुता, विनम्रता तथा दयाभावको पनि आवश्यकता पर्दछ। वास्तवमा विकासोन्मुख मुलुकको पत्रकारिताका लागि भारतदत्त एउटा मोडलका रूपमा परिचित भएका छन्।

भारतदत्तको जीवनी त एउटा निमित्त मात्र हो; एउटा आध्यात्मिक चिन्तनको स्वरूप मात्र हो। कारक तत्त्व त नेपालको भौगोलिक, सामाजिक, राजनीतिक र आर्थिक परिवेश हो जसले भारतदत्तको जीवन, सिर्जना र विकासमा ठोस भूमिका खेल्यो।

## सन्दर्भसामग्री

Nehru, Jawaharlal. 1996[1937]. *An Autobiography*. New Delhi: Jawaharlal Nehru Memorial Fund.

Boswell, James. 1909. *The Life of Samuel Johnson*. London: Collins.

Ebon, Martin. 1967. *Svetlanea: The Incredible Story of Stalin's Daughter*. London: New English Library.

Guedalla, Philips. 1942. *Mr Churchill: A Portrait*. Totonto: Musson Book Company.

**लालदेउसा राई**
त्रिभुवन विश्वविद्यालय